श्री

# जिल्ला सरकारी वकिल कार्यालय

पाँचथर

पत्र संख्या:- २०७६/०७७ / प्रदेश नं.-१
च.नं.:- ४९५'ख'

मिति:-२०७६/०७/०१४

## विषय:-घरभाडा सम्बन्धी सूचना !

(पहिलो पटक सूचना प्रकाशित भएको मिति २०७६/०७।१४ गते)

यस जिल्ला सरकारी वकील कार्यालयको हालको भवन जिर्ण भई नयाँ बनाउने क्रममा रहेको र कार्यालयको काम काज गर्नलाई तपशिल बमोजिमको घर/फ्यालट आवश्यक भएकोले सार्वजनीक खरिद नियमावली, २०६४ को परिच्छेद ९, नियम ९४ बमोजिम घर भाडामा लिनु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र सम्बन्धित घर धनिले रू. १० को टिकट टाँसी मासिक के कति दरमा कर सहित के कसरी उपलब्ध गराउन सकिन्छ ? सो को विवरण सहित रीतपुर्वकको (नागरिकता, लालपुर्जा, घरको नक्सा, तिरो तिरेको रसितको छायाँ प्रति सहित) शिलबन्धी निवेदन कार्यालय समय भित्र यस कार्यालयको प्रशासन शाखामा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशील-**

१) अहिलेको कार्यालय रहेको स्थान देखि पाँचथर जिल्ला अदालत सम्मको क्षेत्र भित्र वरी परी भएको हुनु पर्ने,

२) कार्यालय संचालनको लागि "१०x१०" को कम्तिमा ९ वटा कोठा भएको हुनु पर्ने,

३) बाटो तथा गाडी पार्किङ्ग गर्न सुबिधा सहित उपर्युक्त स्थान भएको हुनु पर्ने

४) बिजुली बत्ति र खाने पानिको पुर्ण व्यवस्था भएको हुनु पर्ने,

५) ट्वाईलेट, बाथरूम र किचन रूम समेत भएको हुनु पर्ने,

६) घर भाडाको दर रेट सार्वजनीक खरिद नियमावली, २०६४ को नियम ९४(४) बमोजिमको घरभाडा निर्धारण समितिले निर्धारण गरे बमोजिम हुने।

(७) अन्य शर्त र व्यवस्थाका सम्बन्धमा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयका कार्यालय प्रमूख र प्रशासन फाँटमा सम्पर्क राखी आवस्यक जानकारी लिन सकिने छ।

(घनश्याम घिमिरे)
निमित्त जिल्ला न्यायाधिवक्ता